सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १९२ ♦ २०८२ साल चैत्र ४ बुधवार ♦ 18 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेश प्रदेश सरकारको १०० दिन: ५१ बुँदे उपलब्धि सार्वजनिक

### प्रदेशमा सरकार छ भने जनतालाई अनुभूति दिलाउन प्रयत्नशिल छ : मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**

**चैत्र ३ गते, बर्दिवास**




मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले प्रदेश सरकारले प्रदेशमा सरकार छ भने जनतालाई अनुभूति दिलाउन प्रयत्नशिल रहेको बताउनुभएको छ ।

मधेश प्रदेश सरकारको नेतृत्व लिएको एक सय दिन पुरा भएको अवसरमा मुख्यमन्त्री यादवले प्रदेश सरकारले गरेका कामकाजको बारेमा जानकारी दिनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मंगलबार आयोजना गर्नु भएको पत्रकार सम्मेलनमा उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले गत भदौ २३ र २४ गते भएको नवयुवा पुस्ताको आन्दोलनसँगै क्षतिग्रस्त हुन पुगेको मधेश प्रदेशको कार्यपालिकामा मंसिर २१ गतेको दिन आफू मुख्यमन्त्रीको रुपमा पदभारग्रहण ग्रहण गरेको र पछि कामहरु अगाडी बढाउँदा निर्वाचन आयोगले निर्वाचन अचारसंहिता जारी गरेपछि ५० दिन अचारसंहितामै विते पनि एक सय दिनमा आफनो नेतृत्वको सरकारले ५१ वटा काम गरेको उल्लेख गर्नुभयो ।

उहाँले जनकपुरधामको प्रादेशिक अस्पतालमा तुल्नात्मक रुपमा पहिला भन्दा सुधार भएको भन्दै प्रदेश सरकारले सो अस्पतालमा बिरामीको चाप बढेर पुर्जा काटने हम्मे भइरहेको अवस्थालाई सहजीकरण गर्न घरबाटै पुर्जा काटन मिल्ने व्यवस्था मिलाएको बताउनुभयो ।

मुख्यमन्त्री यादवले अगामी असारमा रोपाईका लागि आवश्यक पर्ने मल, खाद्य आपुर्तिको काम प्रदेश सरकार ले किसानबाट माग हुनु अगावै व्यवस्थापन गरिसक्ने गरी काम गरेको भन्दै मलमा घटेको अनुदान प्रदेश सरकारले यसै वर्ष देखि लागु हुनेगरी पुनः पूर्ववत व्यवस्था मिलाउन संघीय सरकार समक्ष प्रस्ताव गरेको उल्लेख गर्नुभयो ।

उहाँले करिब दुई दशक अघिदेखि अलपत्र रहेको जानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा समावेश गराउने योजनालाई निष्कर्षमा पुर्याउने गरी सरकार ले काम सुरु गरेको भन्दै यसका लागि आवश्यक मापदण्ड बनाएर स्थानीय सरकार र पुरातत्व विभागसँग समन्वय गरी कामकाज अगाडी बढाएको बताउनु भयो । उहाँले रामजानकी रंगशाला निमार्णका लागि आवश्यक जग्गा उपलब्ध गराउन सरकारले गुठी संस्थानसँग लिज सम्झौता गरि सकेको भन्दै स्वामित्वका लागि उक्त जग्गा खरिदकै लागि

*बाँकी पृष्ठ ३ मा*

## मधेश प्रदेशको राजधानीलाई सुन्दर बनाउन प्रदेश सरकारको अग्रसरता



**खबर दर्पण समाचारदाता**


**चैत्र ३ गते, महेन्द्रनगर**

मधेश प्रदेशको राजधानी समेत रहेको जनकपुरधामको स्वच्छ, सुन्दर र सफा शहर बनाउने अभियानमा मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्रालय सक्रिय भएको छ ।

मन्त्रालयको आयोजनामा आज जनकपुरधाममा सर्वपक्षीय वैठकको आयोजना गरेर विश्वका हिन्दूहरुको आस्थाको केन्द्रको रुपमा रहेका यहाँका ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको संरक्षण सहित सडक, फूटपाथ, फोहर तथा ट्राफिक व्यवस्थापन तीनै तहका सरकारका बीचमा अधिकतम समन्वय तथा सहकार्यमा जोड दिईएको हो ।

कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्रीले मधेश प्रदेशको राजधानी जनकपुरधामलाई विश्वका पर्यटकहरुको लागि आकर्षकको केन्द्र बनाउने सहितको कार्ययोजना कार्ययोजना सहितको रणनीति सर्वपक्षीय

*बाँकी पृष्ठ ३ मा*



# "विश्वासभित्र लुकेको हिंसा: बलात्कारको यथार्थ"



आकृति न्यौपाने

कलेज देखि मन्त्रालयसम्म,चौक देखि हाटबजार सम्म बलात्कार का घटनाहरू बारे सुन्ने गरेका हुन्छौं । सञ्चार माध्यममा जतातततै बलात्कारका समाचार आइरहेका छन् । लाग्छ, समाजका प्रत्येक व्यक्ति अब यो अपराधबाट बेखबर छैन । तर, दुःखद पक्ष के छ भने यति धेरै घटना भइरहँदा पनि हामी रोग पहिचान गरेर उपचार खोज्नतिर लागेका छैनौं ।

मानव सभ्यता, नैतिकता र समानताको कुरा गर्ने हाम्रो समाजमा आज पनि एउटा यस्तो घाउ छ, जसले बारम्बार हामीलाई लज्जित बनाइरहेको छ । जहाँ अपरिचित व्यक्तिभन्दा पनि आफ्नै र नजिकिएका व्यक्तिहरुबाट बलत्कृत हुने अवस्था छ ।

यो केवल कानुनी अपराध मात्र होइन, मानवीयता र सभ्यताको विरुद्ध गरिएको जघन्य अपराध हो। आज नेपालमा बारम्बार सुनिने बलात्कारका घटनाले हामीलाई झस्काइरहेका छन्। कहिले सानी बालिका, कहिले किशोरी, कहिले वृद्ध महिलासमेत यौन हिंसाको सिकार भएका समाचारहरू सार्वजनिक भइरहेका छन्। अझ दुःखद कुरा के छ भने धेरैजसो घटनामा पीडक अपरिचित हुँदैन। ऊ आफन्त हुन्छ, छिमेकी हुन्छ, शिक्षक हुन्छ, साथी हुन्छ, कहिलेकाहीं आफ्नै प्रेमी पनि हुन्छ।

## विश्वमा बलात्कारको अवस्था

विश्व स्वास्थ्य संगठनका तथ्यांकहरू अनुसार विश्वभर करिब तीनमध्ये एक महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकार को यौन हिंसा भोगेका हुन्छन्। धेरै घटनाहरू भने सार्वजनिक नै हुँदैनन्। डर, सामाजिक कलंक, न्याय नपाइने डर र परिवारको दबावका कारण पीडितहरू मौन बस्न बाध्य हुन्छन्।

कतिपय देशहरूले यस अपराधविरुद्ध कडा कानुनी व्यवस्था गरेका छन्। केही देशहरूमा आजीवन कारावास, कडा दण्ड सजाय, रासायनिक बन्ध्याकरण जस्ता उपायहरू पनि अपनाइएका छन्। यसले समाजलाई स्पष्ट सन्देश दिन्छ कि महिलाको अस्मितामाथि हात हाल्ने जो कोहीलाई कडा परिणाम भोग्नुपर्छ।

## नेपालमा बढ्दो चिन्ता

नेपालमा पछिल्ला वर्षहरूमा बलात्कारका घटनाहरू चिन्ताजनक रूपमा बढिरहेका छन्। प्रहरीमा दर्ता हुने घटनाहरू मात्र हेर्दा पनि हरेक वर्ष सयौं बलात्कार तथा बलात्कार प्रयासका मुद्दा देखिन्छन्। तर यथार्थ अझ गम्भीर हुन सक्छ, किनकि धेरै घटनाहरू सार्वजनिक नै हुँदैनन्।

नेपालको मुलुकी अपराध संहिता, २०७४ अनुसार बलात्कार गम्भीर अपराध हो। पीडितको उमेर र अपराधको प्रकृति अनुसार १० वर्षदेखि २५ वर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। बालिका बलात्कार, सामूहिक बलात्कार वा अत्यन्त क्रूर प्रकृतिका घटनामा अझ कडा सजायसमेत हुन सक्छ। तर कानुन हुनु मात्र पर्याप्त छैन। कानुनको प्रभावकारी कार्यान्वयन, छिटो न्याय प्रक्रिया, पीडितलाई मनोसामाजिक सहयोग र समाजको संवेदनशीलता अत्यन्त आवश्यक हुन्छ।

आज धेरै छोरीहरू अपरिचितभन्दा आफ्नै चिनजानका मानिसबाट असुरक्षित भइरहेका छन्। विश्वास गरेको साथी, आफन्त, सहकर्मी वा प्रेमीबाटै बलात्कारका घटना हुने गरेका छन्। कहिलेकाहीं प्रेमको नाममा भावनासँग खेलिन्छ। विश्वास दिलाइन्छ, भविष्यका सपना देखाइन्छ। तर जब जिम्मेवारी लिनुपर्ने समय आउँछ, त्यही सम्बन्ध हिंसा र अपराधमा परिणत हुन्छ।

बलात्कार रोक्न केवल कानुन मात्र पर्याप्त हुँदैन। यसको लागि सामाजिक चेतना, शिक्षादेखि नीति निर्माणसम्म बहुआयामिक प्रयास आवश्यक छ। त्यसका साथै कडा र स्पष्ट कानुनी व्यवस्था पनि आवश्यक छ ।

आज प्रश्न केवल कानुनको होइन, हाम्रो चेतनाको पनि हो। जबसम्म छोरीहरू आफ्नै घर, विद्यालय, सडक र सम्बन्धभित्र सुरक्षित महसुस गर्न सक्दैनन्, तबसम्म हाम्रो समाज सभ्य भएको दाबी अधुरो नै रहन्छ। छोरीको अस्मितामाथि खेल्नेहरूलाई समाजले स्पष्ट सन्देश दिनुपर्छ।

बलात्कार केवल कानुनी अपराध होइन, यो हाम्रो समाजको चेतना, नैतिकता र जिम्मेवारीसँग जोडिएको गम्भीर समस्या हो। नेपालमा बढिरहेका यस्ता घटनाहरूले देखाउँछन् कि कानुन मात्र पर्याप्त छैन । समाजको सोच, व्यवहार र प्रणालीमा परिवर्तन आवश्यक छ। जबसम्म पीडितले निर्भय भएर न्याय पाउने वातावरण बन्दैन र समाजले अपराधीलाई सहनशीलता देखाउन बन्द गर्दैन, तबसम्म यस्ता अपराधहरू रोकिन सक्दैनन्। त्यसैले, बलात्कार नियन्त्रणका लागि कानुनी कडाइसँगै सामाजिक रुपान्तरण अनिवार्य छ।

-लियो आकृति न्यौपाने, लियो जिल्ला परिषद ३२५ एफ नेपालका जिल्ला अध्यक्ष हुन् ।

# विद्यार्थीको चरित्र र सीप विकासमा जोड: स्वस्तिक पाठशालाको विशेषता

मधेश प्रदेशकै एक उत्कृष्ट शैक्षिक संस्था, सिरहाको मिचैंया नगरपालिका-६ मा अवस्थित स्वस्तिक पाठशालाका प्रधानाध्यापक लक्ष्मण गिरीसँग सञ्चारकर्मी जीवनराज दाहालले गर्नुभएको संवादमा आधारित प्रस्तुत सामग्री:

प्रश्न: सर, नमस्कार। यस शृङ्खलामा यहाँलाई हार्दिक स्वागत छ।

उत्तर: नमस्कार। यहाँले प्रदान गर्नुभएको अवसरका लागि धन्यवाद। मेरो बुझाइमा शिक्षा केवल पुस्तकमा सीमित ज्ञान होइन, बरु जीवनलाई सही दिशा दिने मार्गदर्शन हो। त्यसैले यस्ता संवादमार्फत विद्यालयका उद्देश्य, सोच र दृष्टिकोण समाजसँग साझा गर्न पाउनु मेरो लागि अत्यन्त खुशीको विषय हो।

प्रश्न: तपाई एउटा प्रगतिशील विद्यालयको नेतृत्व गरिरहनुभएको छ। आफ्नो पेशाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ?

उत्तर: मेरो लागि शिक्षा ; पेशा मात्र होइन, सेवा र उत्तरदायित्व हो। जब कुनै विद्यार्थीले सानो सफलता हासिल गर्छ, आत्मविश्वास बढाउँछ वा जीवनमा सही बाटो समाउँछ, त्यही क्षण मेरो लागि सबैभन्दा ठूलो सन्तुष्टि हो। शिक्षक र विद्यालयको भूमिका बीउ रोप्ने जस्तै हो - फल तुरुन्त नदेखिए पनि भविष्यमा त्यसले समाजलाई हरियाली बनाउँछ।

प्रश्न: अब मुख्य विषयमा जाऔं - किन विद्यार्थीहरूले स्वस्तिक पाठशाला रोज्नुपर्छ?

उत्तर: हाम्रो उद्देश्य केवल राम्रो नतिजा ल्याउनु मात्र होइन, असल मानिस निर्माण गर्नु हो। स्वस्तिक पाठशालामा हामी तीन कुरामा विशेष ध्यान दिन्छौं-गुणस्तरीय शिक्षण पद्धति, अनुशासन र चरित्र निर्माण, तथा सिर्जनशील र व्यवहारिक शिक्षा। यहाँ विद्यार्थीहरू परीक्षा पास गर्ने मात्र होइन, संवेदनशील, जिम्मेवार र सक्षम नागरिक बन्ने अभ्यास गर्छन्।

प्रश्न: नयाँ शैक्षिक सत्रका लागि तपाईंका प्रमुख योजना के-के छन्?




उत्तर: आगामी सत्रलाई अझ प्रभावकारी बनाउन हामीले केही महत्वपूर्ण पहलहरू अघि सारेका छौं। सीपमूलक शिक्षा र प्रयोगात्मक सिकाइलाई प्राथमिकतामा राखिनेछ। साथै, प्रोजेक्ट आधारित सिकाइ र पठन संस्कृतिको विकासमा विशेष जोड दिइनेछ। आधुनिक शिक्षण विधिअनुसार AI Integrated तथा Blended Education को प्रयोग गरिनेछ। साथै विद्यार्थीको व्यक्तित्व विकास र नेतृत्व

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# मधेश प्रदेशको राजधानीलाई .....

वैठकमा पेश गर्नु भएको थियो। उहाँले जनकपुरधामको मठमंन्दिर, पोखरी संरक्षण सहित फूटपाथ, सरसफाई, सडक शौन्दर्यीकरण, ट्राफिक व्यवस्थापन, ई-रिक्साको व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा नगरको शौन्दर्यीकरणको विविधपक्षहरु समेटिएको कार्ययोजना पेश गर्नु भएपछि त्यसैमा आधारित भएर तीनै तहका सरकारका प्रतिनिधिहरुले गहन फलफल गर्नु भएको छ। कार्यक्रममा बोल्दै मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री मनिष कुमार सुमनले मधेश प्रदेशका जिल्लाहरुमा करिव ८४ हजार को संख्यामा ई-रिक्सा रहेको बताउदै ई-रिक्सालाई व्यवस्थित गर्नका लागि कानून निर्माणको तयारीमा मन्त्रालय रहेको बताउनु भयो।



उहाँले मधेशमा जनचेतनाको अभाव भएका कारणले आफ्नो घरको फोहर सहि सिकमिले व्यवस्थापन गर्न नसकेको कारणले नगर अव्यवस्थित बन्नुका साथै फूटपाथको व्यवस्थापनमा व्यापारिहरु नै अग्रसरता नलिदा अक्रिमणको मात्रा बढ्ने गरेको बताउनु भयो।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेलले जनकपुरधामको बढ्दो जनसंख्या बाहिरवाट आउने तीर्थयात्रीको संख्या तथा शहरी क्षेत्रको बढ्दो चाँपका कारणले नगरको व्यवस्थापनमा चुनौति देखिएको बताउदै नगर प्रहरीको संख्यामा पाँच गुणाले बृद्धि गर्नका लागि सुझाव दिनु भयो।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले फूटपाथको व्यवस्थापनका लागि सुरक्षा निकाय, व्यवसायी तथा नगरपालिका मिलेर काम गर्नु पर्ने सुझाव दिनु भयो। चेम्बर अफ कमर्सका उपाध्यक्ष एवं यूवा अभियन्ता सरोज कुमार मिश्रले जनकपुरधामको मूल समस्याको रुपमा रहेको ट्राफिक, फूटपाथ तथा ई-रिक्साको व्यवस्थापन नै चुनौतिपूर्ण भएको बताउदै २०७९ सालमा उपमहानगरपालिकाले प्रकाशित रापत्र कार्यान्वयन हुनु पर्नेमा जोड दिनु भयो।

जनकपुरधाम उपमहानगर पालिकाका वडाध्यक्षहरुले उपमहानगरपालिकाको फोहर व्यवस्थापनको सवै भन्दा ठूलो चुनौति नै ल्याण्डफिल साईट तथा साधन श्रोतको अभाव हुनु नै भएको बताउनु भयो। कार्यक्रममा श्रम तथा यातायातमन्त्रालयका सचिव युवराज अधिकारी, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जय कुमार घिमिरे, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव संजय प्रसाद साह, ई-रिक्सा व्यवसायी यूनियनका केन्द्रीय अध्यक्ष विरेन्द्र कुमार महतो सहितकाले बोल्नु भएको थियो।

# मधेश प्रदेश सरकारको १०० दिन.....

प्रक्रिया अगाडी बढाएको बताउनुभयो।

उहाँले उपलब्ध वनक्षेत्रमा करौडौ मुल्यबराबरको काठ नष्ट हुँदै आएको भन्दै त्यस्ता काठ जनताको प्रयोगमा ल्याउनेगरी सरकारले नीतिगत तयारी गरि सकेको बताउनुभयो। उहाँले मधेश प्रदेशमा इ रिक्सा र ट्र्याक्टर चलाएर जिविकोपार्जन गर्ने संख्या ठुलो रहेको भन्दै उनीहरु मध्ये अधिकांश निरक्षर रहेको अवस्थालाई बुझेर प्रदेश सरकारले लिखित परिक्षा नलिई सिधै प्रयोगात्मक परीक्षा मार्फत सवारी चालक अनुमति पत्र लिने कानूनी आधार तयार गरेको बताउनुभयो।

मुख्यमन्त्री यादवले प्रदेशमा रहेका धेरै जसो बहुवर्षिय योजनाहरु बजेट अभावको कारण रोकेकोमा त्यस्ता योजनाहरुमा बजेट व्यवस्थापन गरी कामकाज अगाडी बढाएको बताउनुभयो।

उहाँले आउन लागेको गर्मी याममा मधेश प्रदेशमा पिउने पानीको समस्या विगतका वर्षमा देखिएको भन्दै सो समस्या समाधानका लागि सरकारले सुरु देखिनै विभिन्न खालकाकामकाज अगाडी बढाएको बताउनुभयो। उहाँ कम समयमा प्रदेश सरकारले शिक्षा, स्वास्थ्य सुधार का साथसाथै कृषि, भौतिक पूर्वाधार, पर्यटन, सिचाईं र खेलकुदको क्षेत्रमा विभिन्न कामकाजहरु गरेको जानकारी गराउनुभयो।

पत्रकार सम्मेलनमा मधेश प्रदेश सरकारका निमित मुख्य सचिव कमल प्रसाद भटट्राई, समेतको उपस्थीति रहेको थियो।

# विद्यार्थीको चरित्र र सीप विकासमा .....



क्षमता अभिवृद्धि गर्न विविध कार्यक्रमहरू सञ्चालन गरिनेछन्। हाम्रो लक्ष्य विद्यार्थीलाई भविष्यका लागि सक्षम र तयार बनाउनु हो।

प्रश्नः नेतृत्व गर्दा कुर्सीमा बस्नु र बाहिर गएर अनुगमन गर्नु - यी दुई अनुभव कस्ता हुन्छन्?
उत्तरः नेतृत्व केवल कुर्सीमा सीमित हुँदैन। वास्तविक नेतृत्व त मैदानमा रहेर काम गर्दा देखिन्छ। कक्षाकोठा, खेलमैदान, पुस्तकालय वा विद्यार्थीका गतिविधिहरू प्रत्यक्ष अवलोकन गर्दा वास्तविक सिकाइको अवस्था बुझ्न सकिन्छ। त्यसैले म आफूलाई केवल प्राचार्य होइन, एक सक्रिय शिक्षकका रूपमा हेर्न रुचाउँछु।

प्रश्नः अहिलेको अवस्थामा विद्यालयको समग्र वातावरण कसरी रूपान्तरण गर्दै हुनुहुन्छ?
उत्तरः विद्यालयको वातावरण सुधार्ने मूल आधार तीनवटा हुन् - सकारात्मकता, सहभागिता र अनुशासन। शिक्षक प्रेरित भए विद्यार्थी स्वतः प्रेरित हुन्छन्। त्यसैले हामी शिक्षक, विद्यार्थी र अभिभावकबीच सहकार्य बढाउँदै सकारात्मक, सहयोगात्मक र सिर्जनशील वातावरण निर्माण गर्न प्रतिबद्ध छौं।

प्रश्नः सहकर्मीहरूको सहयोग कस्तो पाइरहनुभएको छ?
उत्तरः विद्यालय कुनै एक व्यक्तिको प्रयासले मात्र चल्दैन, यो सामूहिक प्रयासको परिणाम हो। सहकर्मी शिक्षकहरूको साथ, व्यवस्थापनको विश्वास र अभिभावकहरूको सहयोगले नै विद्यालय अगाडि बढ्छ। म सधैं भन्छु - एकल प्रतिभाले सफलता दिलाउन सक्छ, तर टिमवर्कले इतिहास रच्दछ।

प्रश्नः पाठक तथा अभिभावकहरूका लागि तपाईंको सन्देश के छ ?
उत्तरः स्वस्तिक पाठशालामा हामी विद्यार्थीलाई केवल पाठ्यपुस्तकको ज्ञान मात्र होइन, चरित्र, सीप र आत्मविश्वाससमेत प्रदान गर्न प्रतिबद्ध छौं। नयाँ शैक्षिक सत्रका अवसरमा सम्पूर्ण अभिभावक तथा विद्यार्थीहरूलाई हार्दिक स्वागत गर्दछौं।

धर्म, इतिहास र सभ्यताको अनुपम धरोहरलत्ते सुसज्जित हाम्रो जनकपुर धामलाई धार्मिक पर्यटकीय नगरीको रूपमा विश्वसामु चिनाऔं ।
नगरभित्र रहेका पौराणिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्दै
समृद्ध पर्यटनको आधार निर्माण गरौं ।
आउनुहोस्, जनकपुरधामको गौरव जोगाऔं र भविष्य उज्यालो बनाऔं ।
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

भूकम्पबाट जोगिन सचेत बनौं
❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।
भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।
मटिहानी नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।
➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारबिरुद्ध उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
औरही नगरपालिका, महोत्तरी

# हावाहुरीले बर्दीबास क्षेत्रमा व्यापक क्षति

खबर दर्पण समाचारदाता

**चैत्र ३ गते, बर्दिवास**



पश्चिमतर्फबाट आएको तीव्र वेगको सुख्खा हावाहुरीले महोत्तरीको बर्दीबास क्षेत्रमा व्यापक क्षति पुऱ्याएको छ । हावाहुरीका कारण चुरे क्षेत्रका तीन परिवार विचल्लीमा परेका छन् भने रुख ढल्दा राजमार्ग अवरुद्ध हुनुका साथै विद्युत सेवा समेत प्रभावित बनेको छ ।

सोमवार (हिजो) साँझदेखि आउको हावाहुरीले बर्दीबास-११ स्थित खयरमारामा घरका टिनका छाना उडाउँदा तीन परिवारका १८ जना विस्थापित भएका छन् ।

इलाका प्रहरी कार्यालय बर्दीबासका अनुसार दिलबहादुर कार्कीको ईंटाको पर्खाल भएको दुई कोठे घर, धनबहादुर कार्की तथा यज्ञबहादुर कटुवालका घरमा क्षति पुगेको हो । ती घरमा करिब ५ लाख रुपियाँभन्दा बढीको क्षति पुगेको जनाइएको छ ।

प्रहरीका अनुसार कटुवालको घरमा मात्रै करिब दुई लाख रुपियाँ बराबरको क्षति पुगेको छ भने कार्की परिवारका घरहरूमा क्रमश: डेढ लाख र एक लाखभन्दा बढी क्षति भएको छ । प्रभावित परिवारहरू हाल छिमेकीको घरमा आश्रय लिएर बसिरहेका छन् ।

त्यस्तै, हावाहुरीले बर्दीबासका विभिन्न स्थानमा विद्युत संरचनामा समेत क्षति पुऱ्याएको छ । बर्दीबास-१४ मसनघट्टानजिक ३३ केभी लाइनका तीन स्थानमा तार खसेको छ भने बर्दीबास-३ गौरीडाँडामा रुख ढल्दा तार र पोलमा क्षति पुगेको छ ।

बर्दीबास-१ पूर्व-पश्चिम लोकमार्ग क्षेत्रमा तार सटेर स्पार्क हुँदा रातभर विद्युत सेवा अवरुद्ध भएको नेपाल विद्युत प्राधिकरण बर्दीबास कार्यालयले जनाएको छ ।

यसैबीच, बर्दीबास-३ कालापानीस्थित पानस कटेज नजिक साखुको रुख ढल्दा बीपी राजमार्ग करिब दुई घण्टा अवरुद्ध भएको थियो । प्रहरी र वन कार्यालयको सहकार्यमा करिब एक घण्टाको प्रयासमा रुख पन्छाइएपछि सोमवार राति करिब ९ बजेदेखि यातायात सञ्चालनमा आएको डिएसपी विकाश वमले जानकारी दिनुभयो ।

हावाहुरीका कारण कृषि क्षेत्रमा समेत असर परेको छ । कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्द राय यादवका अनुसार चिचिला (टिकुला) लाग्ने बेला रहेको आँप बगैचामा क्षति पुगेको छ । हुरीले आँपका फूल झार्नुका साथै कतिपय स्थानमा पाक्दै गरेको गहुँ बालीसमेत ढालेको छ । साथै, लहरे तरकारीका बोटहरू पनि क्षतिग्रस्त भएका छन् ।

सुख्खा हावाहुरीका कारण किसानहरू मर्कामा परेको उहाँले जनाउनुभयो ।

# क्यानका उपाध्यक्षद्वारा महिला क्रिकेट खेलाडीलाई किट प्रदान



दिवेश कुमार महतो

**चैत्र ३ गते, ढल्केवर**

नेपाल क्रिकेट संघका उपाध्यक्ष रोशन सिंहले महिला क्रिकेट खेलाडीहरुलाई किट प्रदान गरेका हुन् ।

धनुषाको मिथिला नगरपालिका -२ नक्टाझिजस्थित श्री जनता माध्यमिक विद्यालयको खेलमैदानमा अभ्यासरत महिला क्रिकेट खेलाडीहरुलाई बोल्ट्स बटालियन समुहको समन्वयमा

क्यानका उपाध्यक्ष एवम् महोत्तरी जिल्ला क्रिकेट संघका अध्यक्ष समेत रहेका रोशन सिंह र महोत्तरी जिल्ला क्रिकेट संघका कोषाध्यक्ष सैफ अली द्वारा क्रिकेट किट प्रदान गरिएको छ।

स्रोतसाधनको एकदमै अभाव का कारण पनि धनुषाको मिथिला नगर पालिका -२ नक्टाझिजस्थित जनता माध्यमिक विद्यालयको खेलमैदानमा स्थानिय महिला क्रिकेट खेलाडीहरु अभ्यासरत रहँदा क्रिकेट समर्थकहरुको समुह "बोल्ट्स बटालियन" का प्रतिनिधि जय कृष्ण महतोको समन्वयमा सहयोग का लागि अपिल गरेका थिए । सोही अनुरुप क्यानका उपाध्यक्ष रोशन सिंहले सहयोग गर्ने प्रतिबद्धता जनाए अनुसार किट प्रदान गरिएको हो।

"गाँउमा महिलाहरूलाई क्रिकेट खेल्न जान नदिने कुरा यथावतै हुदाँ पनि बदलिँदो परिवेश र प्रविधिको विकाससँगै महिलाहरू क्रिकेट खेल्न आउनु एकदमै खुसीको कुरा भएको" क्यानका उपाध्यक्ष रोशन सिंह बताउँछन् रु ।

यता क्रिकेट समर्थकहरुको समुह "बोल्ट्स बटालियन" ले क्रिकेट लगायतका खेलहरु मा खेलाडीहरुलाई कुनैपनि किसिमले समस्या र अप्ठारा नहोस् भन्ने उद्देश्यले खेलाडीहरुको मनोबल बढाउनका लागि हामी समन्वय को भुमिकामा रहेर हातेमालो गर्दै आएको"बोल्ट्स बटालियन" का प्रतिनिधि जय कृष्ण महतोले बताए ।

"स्रोत साधनको अभावका बाबजुद पनि निरन्तर एक वर्षदेखि क्रिकेट खेलमा व्यस्त हुँदा पनि आवश्यक खेल समाग्रीहरु को अभाव रहेको महिला क्रिकेट टिमका स्थानिय प्रशिक्षक रोजी कडारी बताउँछिन्। उनका अनुसार "हामीले थोरै भएपनि स्थानिय कलेज र क्लबको सहयोगले खेल खेल्न सकिरहेका छौं तर यहाँ खेल मैदानको व्यवस्थापन नभई दिदाँ कहिलेकाहीँ मन खिन्न हुने अवस्था रहेको बताँउछिन् । क्यानका उपाध्यक्षले गरेको सहयोग हाम्रो लागि हौशला र गर्वको क्षण रहेकाले धन्यवाद ज्ञापन गरिन्।

साथै रोजी कडारीले "महिलाहरुलाई पनि क्रिकेट खेल तर्फ ल्याउनुपर्छ, महिला सशक्तिकरण र महिलाहरूको विकास र राष्ट्रका लागि योगदान दिनु पर्ने मा महिलाहरूको अर्थपुर्ण सहभागिता का लागि सक्ने जतिले सहयोग गरी स्वास्थ्यका लागि खेलकुद र राष्ट्रका लागि खेलकुद भन्ने मुल नारालाई सार्थक बनाउन पहल गर्न सबैलाई आग्रह गरिन् ।


कोरियन ब्युटी प्रोड्क्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।

बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५

साथै होम डेलिभरीको सुविधा छ।





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,